(घ) विपद् जोखिमका सिकाई तथा अनुभवलाई अभिलेखीकरण गरि प्रतिकार्य योजना प्रभावकारी बनाई विपद् जोखिम न्यूनीकरण गर्न लागु गर्ने ।

(ङ) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण गर्न उद्दार, राहत र पुर्नस्थापना कार्यलाई योजनाबद्द कार्यान्वयन गर्ने ।

**रणनैतिक क्रियाकलाप**

(क) विपद् जोखिम क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्ने ।

(ख) स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन समिति गठन गरी सक्रिय बनाउने ।

(ग) विपद् जोखिम न्यूनीकरण गर्न जनचेतनामुलक सूचनाहरु प्रचार प्रसार गर्ने ।

(घ) विपद् जोखिम न्युनिकरणको लागि पूर्व सूचना प्रणाली विकास गर्ने ।

(ङ) विपद् जोखिम क्षेत्रमा आबश्यक उद्दार राहत र पुर्नस्थापनाको व्यवस्था गर्ने ।

(च) विपद् व्यवस्थापन कोष बृद्धि गर्ने ।

(छ) स्थानीय आपतकालीन संचालन केन्द्र स्थापना गर्ने ।

(ज) नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदार अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी संस्था संग समन्वय र सहकार्य गर्ने ।

**प्राकृतिक तथा गैर प्राकृतिक विपद जोखिम र स्थानीय तहको अवस्था :**

**भूकम्प :** नेपालको अवस्थिति भूकम्पीय दृष्टिकोणले जोखिमपूर्ण रहेको छ। रसुवा जिल्लाको नौकुण्ड गाउँपालिका पनि यही जोखिम क्षेत्र भित्र पर्दछ। २०७२ बैशाख १२ र २९ गतेको भूकम्पका कारण नौकुण्ड गाउँपालिकामा ९९ जनाको मृत्यु र २३९ जना घाइते भएका थिए र केहि पक्कि घर बाहेक प्रायजसो सबै निजी घरहरुमा क्षति भएर भुकम्पकै कारण अन्न, पशु चौपाया, निजि सम्पत्ति सामग्री हरु नष्ट भई जीवनयापनमा कठिनाई उत्पन्न भएको थियो र सार्बजनिक सम्पत्ति बिद्यालय, स्वास्थ्य संस्था, सिंचाई, खानेपानी, सडक आदिमा ठुलो क्षति भयो ।

भूकम्प पश्चातको निजी आवास पुनर्निर्माण अन्तिम तिर आईपुगेको छ भने बिद्यालय, खानेपानी, सिंचाई पुनर्निर्माण कार्य अहिले पनि जारी रहेको छ। भूकम्पका पराकम्पनहरु अझै पनि बेला बेलामा देखिने गरेका छन् त्यसैले भूकम्पको विपद् जोखिम सधै उत्तिकै छ।

**बाढी :** नेपालको धेरै जसो तराईको भूभाग बाढीबाट प्रभावित हुने गरेको भएपनि पहाडी जिल्ला तथा स्थानीय तह यसबाट अछुतो छैन । नेपालमा साना ठुला गरि ६००० भन्दा बढी नदीनाला रहेका छन् नौकुण्ड गाउँपालिकामा पनि करिब ३० वटा भन्दा बढी खहरे खोला रहेका छन् । सुख्खायाममा पानी कम देखिने यी खोलानाला वर्षायाममा डरलाग्दा देखिन्छन र पर्याप्त पुल नहुँदा बिद्यालय जान आउन बालबालिकाको लागि उत्तिकै जोखिम छ। सडकमार्ग मा पनि मोटरसाईकल जोखिमपूर्ण तरिकाले यात्रा गर्ने गर्दछन ।

नौकुण्ड गाउँपालिका रसुवा

